Received Date: Oct. 2025 Revised: Nov. 2025 Accepted: Dec. 2025

# बौद्ध र हिन्दूको समन्वय : करुणामय आर्यावलोकितेश्वर

**डा.उद्धव पुरी**
इतिहास केन्द्रीय विभाग, त्रि.वि.
druddhabp@gmail.com
*Doi: https://doi.org/10.3126/hisan.v11i1.92749*

## सारसङ्क्षेप

*नेपालको धार्मिक र सांस्कृतिक परम्परामा यस्ता धेरै चाडपर्व र देवी देवताहरू छन् जसलाई हिन्दू वा बौद्धको भनी विभाजन गर्न सम्भव हुँदैन । बरु मान्ने र मनाउने परम्परा वा विधि भने फरक फरक हुन सक्दछ । त्यस्तै देवता र जात्रा आर्यावलोकितेश्वर वा सेतो मच्छिन्द्रनाथ पनि पर्दछ । परापूर्वकालदेखि नै धार्मिक आस्था र समन्वयको आधार मानिदै आएको नेपालमा बौद्ध र हिन्दू धर्मावलम्बीहरूले समान रूपले मान्ने देवी देवताहरू मध्ये करुणामय लोकेश्वरहरू पनि प्रमुख हुन् । जसलाई हिन्दू र बौद्ध दुबैले आ–आफ्नै आस्था र विश्वासमा आ–आफ्नै विधि र परम्परा अनुसार मान्दै मनाउदै आएका छन् । सत्ययुगमा सुखवती भूवनबाट मृत्युमण्डलमा आएको मानिने करुणामय लोकेश्वरहरू मध्ये चार प्रसिद्ध लोकेश्वरहरूमा रातो मच्छिन्द्रनाथ (रक्तावलोकितेश्वर), आदिनाथ ( आनन्दादि लोकेश्वर), नाला करुणामय (सृष्टिकान्त लोकेश्वर) र सेतो मच्छिन्द्रनाथ (आर्यावलोकितेश्वर) रहेका छन् । महायान बौद्ध धर्मको वज्रयान परम्परामा उपत्यकाका बौद्धहरूले सेतो मच्छिन्द्रनालाई आफ्नो सम्प्रदायमा आर्यावलोकितेश्वर बोधिसत्वको रूपमा मान्दछन् । त्यस्तै सनातन वा हिन्दू परम्परामा शैवधर्मावलम्बीको नाथ सम्प्रदायले विशेष गुरुको रूपमा मान्दछन् भने सनातनका अरु सम्प्रदायले पनि सहकालमा अरु हिन्दू देवी देवताकै जस्तै उच्च स्थानमा राखी पुज्ने गर्दछन् । कतिपय तिथि र विशेष दिनहरू दुबैका लागि एकै दिनमा पनि परेका हुन्छन् भने जात्रामा भने दुवै पक्षको निश्चित काम वा जिम्मेवारी रहेको हुन्छ । यसरी नेपालमा जसको पूजा पाठ र जात्रा परम्परामा नेपालमा दुबै धर्मावलम्बीहरूले आफ्नो विधि र परम्परा अनुसार समन्वयात्मक रूपमा मान्दै आएका छन् । यो नेपालको मौलिक अभ्यास र पहिचान बनिरहेको देखिन्छ ।*

***शब्द कुञ्जी :*** *करुणामय, लोकेश्वर, आर्यावलोकितेश्वर, मच्छिन्द्रनाथ, लोकनाथ, आदिनाथ, कामाक्ष ।*

## परिचय

नेपालको धार्मिक सांस्कृतिक परम्पराको समन्वयात्मक स्वरूप विशेष गरी काठमाडौं उपत्यकामा देख्न र अनुभव गर्न सकिन्छ । यहाँका कतिपय देवी देवता र मन्दिर, बिहार तथा चैत्यहरू सनातन हिन्दू वा बौद्ध एकको मात्र भनी विभाजन गर्न र एकले अर्कालाई निषेध गर्न सकिँदैन (पुरी, २०७८) । विशेष गरी उपत्यकाका बिहार र मन्दिरहरूमा दैनिकजसो यस्ता परम्पराहरू देख्न पाइन्छ । स्वयम्भू, पशुपतिलगायत विभिन्न स्थानमा रहेका गणेश, भैरव, सरस्वती, करुणामयहरू लगायतका देवी देवता र इन्द्रजात्रा, कुमारी जात्राजस्ता धेरै चाडपर्वहरू पनि यस्तै रूपमा रहेका छन् । सत्ययुगमा सुखवती भूवनबाट मृत्युमण्डलमा आएको मानिने करुणामय लोकेश्वरहरूमध्ये चार प्रसिद्ध लोकेश्वरहरूमा रातो मच्छिन्द्रनाथ (*रक्तावलोकितेश्वर*), आदिनाथ *(आनन्दादि लोकेश्वर)*, नाला करुणामय *(सृष्टिकान्त लोकेश्वर)* र

सेतो मच्छिन्द्रनाथ *(आर्यावलोकितेश्वर)* रहेका छन् । करुणामय वा आर्यावलोकितेश्वहरूको समय समयमा अनेक रूप र सृष्टि भएको मान्ने गरिन्छ । जसलाई मान्दा र पुज्दा जगतको हित, सुख, शान्ति र समृद्धि हुन्छ र राष्ट्रमा समेत त्यो वर्ष अनिकाल पर्दैन भन्ने मान्यता रहँदै आएको पनि छ । त्यसैगरी करुणामय वा आर्यावलोकितेश्वरको पूजा गर्दा ग्रह, दशा, भय, रोग, विध्नबाधाबाट पनि मुक्त वा पर रहन सक्ने क्षमता वा बल सधैं प्राप्त भैरहने जनविश्वास पनि रहेको देखिन्छ ।

काठमाडौंमा सोतो मच्छिन्द्रनाथ, ललितपुरमा रातो मच्छिन्द्रनाथ, उपत्यकासँग जोडिएका नालालगायतका स्थानहरूमा अन्य करुणामय वा आर्यावलोकितेश्वरहरूको जात्रा, पूजा वा पर्वको आयोजना गरी दिन्दु र बौद्ध दुवै धर्मावलीहरूले आ–आफ्नै विधि र परम्पराअनुसार मान्ने र मनाउने प्रचलन रहँदै आएको पाइन्छ जसको पूजा र रथ तान्ने परम्परामा सनातन र बौद्धका समुदाय भित्रका केही विशेष जातिका मानिसहरूको भने महत्त्वपूर्ण भूमिका रहेको हुन्छ (वज्राचार्य, २०५८) । विशेषगरी वार्षिक रूपमा उपत्यकामा मान्ने मनाउने करुणामयको जात्रा र पर्वमा आर्यावलोकितेश्वर वा सेतो मच्छिन्द्रनाथ पनि पर्दछन् जसको वार्षिक रूपमा मेला वा पूजा र जात्रा उपत्यकामा सम्पन्न गर्ने गरिन्छ जसमा सनातन धर्मका विभिन्न सम्प्रदाय र महायानी बौद्ध परम्परा मान्नेहरूले संयुक्त रूपमा मेला र पूजाको व्यवस्था मिलाउँदछन् भने आफ्नै विधि र विधानअनुसार पूजा आराधना गर्दछन् ।

बौद्धमार्गीहरू सेतो मच्छिन्द्रनाथलाई बोधिसत्वका रूपमा मान्दछन् भने सनातनका नाथ सम्प्रदायको लागि गोरखनाथका गुरु र अन्यका लागि करुणामय वा सहकालका देवता भनी पुज्ने, मान्ने गर्दछन् (शाक्य, ने.सं. १०८३) । विशेषगरी तन्त्र साधनासँग पनि यसलाई जोड्ने गरिएको पाइन्छ (कोन्ज, सन् १९५९) । यो नेपालको परम्परा नेपालबासीका लागि धार्मिक र सांस्कृतिक समन्वयको एक जीवन्त उदाहरण पनि हो । प्रस्तुत अध्ययनको उद्देश्य बौद्ध र हिन्दूको समन्वय : करुणामय आर्यावलोकितेश्वरका बारेमा उजागर गर्नु रहेको छ ।

## अध्ययन विधि र सामग्री

आर्यावलोकितेश्वर वा सेतो मच्छिन्द्रनाथका बारेमा अध्ययन अनुसन्धान गरिएको यो लेख गुणात्मक विधिमा आधारित रहेको छ । प्राप्त स्रोतहरूका आधारमा लेख तयार पार्दा वर्णनात्मक र विश्लेषणात्मक दुवै शैली अवलम्बन गरिएको छ । नेपालको धार्मिक र सांस्कृतिक समन्वयको समेत परिचय दिने आर्यावलोकितेश्वर वा सेतो मच्छिन्द्रनाथ सनातन हिन्दू र महायान बौद्ध धर्मसँग सम्बन्धित भएर तयार पारिएको छ । नेपालको धार्मिक र सांस्कृतिक समन्वका आधारमा मात्रै केन्द्रीत भएर विषयको अध्ययन र अनुसन्धान भएको स्रोत र सामाग्रीहरू उपलब्ध हुन सकेनन् । तर सनातन हिन्दू र महायान बौद्ध धर्म र तिनका धार्मिक र सांस्कृतिक विषयमा बेग्ला बेग्लै आधार र महत्त्वमा करुयामय वा सेतो मच्छिन्द्रनाथको बारेमा प्राप्त भएका पूर्व प्रकाशित स्रोत र सामाग्रीहरूको उपयोग र आफ्नो भ्रमण र अवलोकन अध्ययन वा विश्लेषणको मुख्य आधार भएका छन् । नेपालमा प्रचलित बौद्ध धर्मको बज्रयान परम्परा र उनीहरूको विधिलाई क्रमशः उल्लेख गर्दै तिनै विषमा बढी केन्द्रित भएर स्रोत सामाग्रीको विश्लेषण गरिएको छ । सनातन र हिन्दूहरूको पनि नाथ वा गुरुकारूपमा विशेष महत्त्व रहेको सेतो मच्छिन्द्रनाथका प्राप्त भएसम्मका प्रकाशित वा सहायक स्रोतहरूको प्रयोग गरिएको छ । त्यस्तै उपत्यकामा सम्पन्न हुने जात्रा र पूजापाठमा आफ्नो अवलोकन र विश्लेषणलाई पनि आधार मानिएको छ । मुख्यतः उपत्यकामा दुबै

धर्मावलम्बीहरू र सर्वसाधारणहरूले उत्तिकै मान्ने सेतो मच्छिन्द्रनाथ सहकालका देवताका रूपमा भने दुबै सम्प्रदायले मान्दछन् । धार्मिक र सांस्कृतिक रूपमा त्यहाँ हुने यसको जात्रा, पूजा, मेला वा पर्वमा दुबैले विशेष रूपमा भने तन्त्र विधि अपनाएको पाइन्छ । सोही आधारमा यथासक्य सामाग्री सङ्कलन एवम् विश्लेषन गरिएकोछ । नेपालकमा परम्परादेखि सनातन हिन्दू र बौद्ध धर्मको बज्रयान सम्प्रदायमा प्रचलनमा रहेको धार्मिक र सांस्कृतिक समन्वयको सेतो मच्छिन्द्रनाथ वा आर्यावलोकितेश्वरले महत्वपूर्ण प्रतिनिधित्व गरिरहेको पुष्टि हुन्छ ।

## विषय विश्लेषण र प्राप्ती

विशेष गरी नेपालको महायानी बौद्ध धर्म दर्शनमा मत्स्येन्द्रनाथ वा मच्छेन्द्रनाथलाई *श्रीमद्आर्यावलोकितेश्वर बोधिसत्व*को रूपमा लिइन्छ (वज्राचार्य, वि. सं. २०५८) र त्यसैबाट बोधिसत्व सम्प्रदायको विकास भएको मानिन्छ । उनै मत्स्येन्द्रनाथलाई हिन्दूधर्म दर्शन अन्तर्गत नाथ सम्प्रदायका अनुयायीहरूले गोरखनाथका गुरुका रूपमा लिने गर्दछन् । तर काठमाडौं उपत्यकाका बहुसङ्ख्यक मानिसहरूका लागि भने यो लोक विश्वास, लोक मान्यता, लोक धर्म र लोक दर्शन स्वरूप देवतालाई करुणामयका रूपमा मानिन्छ र उनलाई सहकालका देवताका रूपमा धार्मिक सहिष्णुता, धार्मिक समन्वय र आध्यात्मिक एकताको रूपमा लिइएको पाइन्छ । सहकाल विशेषत कृषिसँग सम्बन्धित रहेको हुन्छ ।

मच्छिन्द्रनाथ पनि सहकालका देवताका रूपमा मानिन्छन् । त्यस्तै बौद्ध ग्रन्थ गुणकारण्य ब्यूह सूत्र अनुसार संसारका प्रतिपालक नै महाबुद्ध आदिबुद्धका रूपमा लोकेश्वरलाई लिने गरिन्छ । विभिन्न समयमा लोकेश्वरको सृष्टि हुने क्रममा १०८ लोकेश्वरहरू सृष्टि भएको मानिन्छ । जगतको हित, सुख, शान्ति र समृद्धिका लागि देशकाल परिस्थिति अनुरूप सर्वसत्व प्राणीको उद्धार कामना गर्दै थरिथरिको अवतार लिँदै करूणामय लोकेश्वरको सृष्टि हुने क्रममा ३६० लोकेश्वरहरूको पनि सृष्टि हुन गएको मानिन्छ । रक्तावलोकितेश्वर रातोमच्छेन्द्रनाथलाई सृष्टि भएका प्राणीको रक्षाका लागि अन्नधन अनाजको व्यवस्था गर्न, वृष्टि गर्ने ईश्वरका रूपमा मानिन्छ । त्यस्तै नालाको करुणमयलाई सृष्टिकर्ताका रूपमा लिइन्छ भने लोकेश्वर आदिनाथलाई ग्रह दशा, भय, रोग विघ्न बाधाबाट मुक्त गर्ने देवताको रूपमा मानिन्छ । त्यस्तै आयु बृद्धिका लागि भने आर्यावलोकितेश्वर सोतो मच्छेन्द्रनाथलाई मानिन्छ (वज्राचार्य, वि. सं. २०५८) ।

विशेष गरी उपत्यकाका नेवार र अरू सम्प्रदाय चाहे उनीहरू बौद्ध वा हिन्दू हुन् दुबैले समन्वयवादी नीति देखाउँदै उनीहरूको पूजा पाठ र जात्रा पर्व मनाउँदै आएका छन् । नेवार बौद्धहरू चाहिँ प्रायः लोकनाथ, आदिनाथ, नाला करुणामय र सेतो मच्छेन्द्रनाथको दर्शन गरी महिना महिनामा अष्टमी उपोषध व्रत बसी सप्तविधानोत्तर सत्वपूजा गरी ध्वजा चढाई पूजा पाठ गर्दछन् भने पाटनको रातो मच्छिन्द्रनाथ र काठमाडौंको सेतो मच्छिन्द्रनाथको रथ बनाइ सहर परिक्रमा गरी मानिन्छ । तर नाला र चोभारको करूणामयलाई भने खट जात्रा गरिन्छ । मच्छिन्द्रनाथलाई भारतमा पनि मान्ने चलन छ । भारतको कर्नाटक, राजस्थान, बंगाल, दार्जलिङ्ग लगायतका स्थानहरूमा मन्दिर समेत रहेको छ (शाक्य, वि.सं. २०६५) ।

सेता मत्स्येन्द्रनाथ वा आर्यावलोकितेश्वर कान्तिपुरका करुणमय लोकेश्वर मध्येका एक हुन् । यसलाई उपत्यकाका नेवारहरू जनबाहा द्यः पनि भन्दछन् भने अन्य धर्माबलम्बी तथा जातिहरू यसलाई सेतो मच्छिन्द्रनाथको रूपमा मान्दछन् । सोतो मच्छिन्द्रनाथको स्थापना गर्नु अघि नै कनक चैत्य महाबिहार निर्माण भैसकेको र यस बिहारलाई प्राचीन समयमा कोलियग्राम जमलग्रन्थी बिहार भन्ने गरिन्थ्यो । त्यसैले

मच्छेन्द्रनाथलाई जमलेश्वर आर्यावलोकितेश्वर वा अमोघ पाश लोकेश्वर पनि भनिएको छ (बज्राचार्य, ने. सं. १०९९) ।

उनलाई श्वेतवर्ण आर्यावलोकितेश्वर भएकोले सेतो मच्छिन्द्रनाथ भनिएको हो । सेतो मच्छिन्द्रनाथका आँखा साना साना छन् । मूर्ति पूर्वाभिमुख छ । उनको दाहिने हातमा अभय वरदान दिइएको छ भने वायाँ हातले कमलको फूल लिएको छ । उनले ध्यान मुद्रामा रही मर्त्यमण्डलमा हेरिरहेको देखिन्छ । उनले तल हेर्नुको कारण जबसम्म कीटपतङ्गहरू सहित सबै प्राणीको निर्वाण वा बुद्धत्व प्राप्त हुँदैन तबसम्म आफूले समेत निर्वाण प्राप्त गर्दिन भनी हेरिरहेको भन्ने भनाइमा विभिन्न पौराणिक कथाहरू छन् । सेतो मच्छिन्द्रनाथको शीरमा अभिताभ बुद्धको मूर्ति छ । दायाँ वायाँ आर्यतारा र पद्मताराका मूर्तिहरू राखिएका छन् । ताराहरूको आमा आर्यावलोकितेश्वर मच्छिन्द्रनाथलाई मानिन्छ । उनले जगतको कल्याण गर्न नसक्दा दुई थोपा आशु झरेको र त्यसैबाट दुई तारा उत्पन्न भएको मानिन्छ र तिब्वती लामाहरू आर्यावलोकितेश्वलाई जामन कार्पोभ अर्थात् सेतो तारा भनी मान्दछन् (शाक्य, ने.सं. १०८३)

आर्यावलोकितेश्वको उत्पत्तिका सम्बन्धमा केही ऐतिहासिक तथ्यहरू पाउन सकिन्छ । कनक मुनि बुद्धको सम्झनामा निर्माण गरिएको कनक महाचैत्य महाविहार जनबहालको कुरा शाक्य र कोलियसँग पनि जोडिएको छ । कोलियग्राम भन्ने नाम पनि उल्लेख भएका कारण उनीहरूकै नामबाट पछि अपभ्रंश भएर केलटोल हुन गएको हो । नरेन्द्र देव र यक्ष मल्लको पालाका अभिलेखहरूमा पनि यो कुरा उल्लेख भएबाट यसलाई पुरानै मान्नु पर्छ । उनको उत्पत्तिका सम्बन्धमा हिन्दू र बौद्ध दुबै धर्मानुसारका कथाहरू पनि छन् । एक कथा अनुसार भगवान् बुद्ध नेपालको भूमि कान्तिपुरमा आएको र आर्यावलोकितेश्वर मच्छेन्द्रनाथको उत्पत्तिका सम्बन्धमा मैत्री बोधिसत्वलाई भने अनुसार कान्तिपुर स्थापना नभएको बेलामा जमपुर भन्ने एउटा जमदेश थियो । राजा यक्षमल्लकी रानी भुवनेश्वरीबाट रत्नमल्ल नामको छोरा जन्माइन् । उनै राजाको पुण्यानुलाभले सुखवती भुवनबास गर्ने श्री करुणामयले सर्वसत्व प्राणीको उद्धार गर्ने हेतु एक बिहार स्थापना गरे । यो बिहार बागमती र कागमती मिल्ने कालमोचन तीर्थका किनारामा थियो । जुन सथानलाई आजभोलि व्हंग: वा वङ्ग भन्ने गरिन्छ । कालमोचनको तीर्थमा स्नान गरी करुणामयको दर्शन गरेमा कालबाट मुक्त भई आयुपूर्ण भई सधैका लागि निरोगी हुनेछ भन्ने बुद्धले भनेका थिए । यो पूण्यभूमिमा देवलोकबाट तल तीर्थमा आएको ठाउँ भएकोले इन्द्रचोक भन्ने गरिएको हो । त्यसरी नै त्यस समयमा आकाशबाट झरेका आकाश भैरव पनि तल आई इन्द्रचोक वङ्गमा सिद्ध भएर बसेको उल्लेख छ (बज्राचार्य, ने. सं. १०८४) ।

त्यसैगरी अर्को एक कथा अनुसार यमपुरका राजा यमराजले पृथ्वीमामा बसेका प्राणीहरूको मृत्यु हुने अवस्थामा धर्ममा आस्था राख्नेहरूलाई स्वर्गमा पठाउने र पाप गर्नेलाई नरकमा ल्याई सास्ती गर्ने आदेश दिने गर्दथे । त्यसबेला यमराज र चित्रगुप्त दुबै भेष बदलेर स्वयम्भू दर्शन गर्न आउँछन् । कर्म अनुसार फल दिने यी दुई जना पृथ्वीमा आएको थाहा पाएर यहाँका राजा यक्षमल्लले भेट्न इच्छा गरे । उनीहरू दुबैलाई राजदरबारमा बोलाई सम्मान गरे । राजाको यस्तो सम्मानदेखि दुबैले खुशी भएर राजालाई कुनै बर माग्न अनुरोध गरे । राजाले पनि मौकामा आफू कहिल्यै नमोर्ने र सधैं तन्नेरी भइराख्ने वर मागे । तर यमराजले आफूले यस्तो वर दिन नसक्ने र यस्तो वर सुखावती भुवनमा बस्ने आर्यावलोकितेश्वरले मात्र दिन सक्ने बताए । यमराजले राजको कर र जिद्दिलाई टार्न नसकी आर्यावलोकितेश्वर यक्ष मल्ले स्नान गर्ने पोखरीबाट अभिताभ बुद्ध शिरमा राखी प्रकट भए । यमराजले राजाको अनुरोधलाई सुनाएपछि

आर्यावलोकितेश्वरले पनि *म आएको पोखरीको पानी जहाँ जान्छ त्यो नै कालमोचन तीर्थको रूपमा सिद्ध हुनेछ । यस तीर्थमा जसले स्नान गर्छ उसलाई कालबाट बचाउँछ । यसै ठाउँमा बागमती र कालमतीको दोभानमा एउटा बिहार पूर्वभिमुखी गरी बनाउन आज्ञा गर्दछु । उक्त स्थानको पानीले स्नान गरी मेरो दर्शन गरेमा निरोगी हुनेछ* भनी आर्यावलोकितेश्वर विलीन हुनुभयो । यही आसपास यमराजको सम्भनामा यमलेश्वर भनी एउटा लिङ्ग पनि गाडिएको छ । त्यसपछि यक्ष मल्लले आफ्ना रत्न मल्ल छोरासँग मिली करुणामयको एउटा बिहार पनि बनाए । अहिले पनि आयु साधना र रोगबाट मुक्त हुन र सुखावती भुवन बास कामना गर्न यस करुणामयको स्मरण गर्दै आइएको छ (वज्राचार्य, ने.सं. १०८४) ।

त्यस्तै मच्छेन्द्रनाथका उत्पत्तिका सम्बन्धमा भद्रकालीसँग पनि जोडिएको छ । काठमाडौंको अमोघ पाश करुणामयको प्रतापले यहाँका मान्छेहरू सुखी हुँदै आएको देखेर पाटनका राजा सिद्धिनरसिंह मल्लको मन स्थिर हुन सकेन । राजाले सबल बहालका शाश्वत बज्र बज्राचार्य जो मन्त्रसिद्ध पनि थिए उनीसँग सल्लाह लिए । त्यस पछि शाश्वत बज्रले भारतको आसाममा रहेको कामरूप कामाक्षामा भद्रकाली नामकी एक देवी छिन् तिनलाई नेपालमा ल्याएमा उनले ती नरसिंहलाई धपाउन सकिने बताए । सोही अनुरूप राजाको आज्ञा लिएर बज्र बज्राचार्य भारत गए र जाडको कड भएको मद्यपात्रमा भद्रकाली परमेश्वरलाई ढक्कीमा राखी नेपाल ल्याए । शाश्वत बज्रले भद्रकालीलाई नेपालमा ल्याएको खबर राजा कहाँ पुऱ्याउन भद्रकाली साधना गरी ल्याएको ढक्की टुडिखेलको एउटा रुखमा भुण्डाएर दरबारतिर गए । त्यसैबेला एउटा ज्यापू खेतमा जान त्यतैबाट आउँदा उनले भद्रकालीलाई रोइरहेको एउटा बालिकाको रूपमा देखे । उनले उक्त केटीलाई सुनको रोटी दिउँला भनी फकाई फुलाई आफैसँग खेतमा लगे । खेतमा पनि उनी रोएकोले रोटी खान दिएपछि बालिकाले आफ्नो सबै वृत्तान्त बताइन् । त्यसपछि उनी त्यहीँबाट अन्तर्ध्यान पनि भइन् । उनले खाएको रोटी पनि सुनमा परिणत भयो । त्यसबेला शाश्वत बज्र बज्राचार्यले आफ्नो ढक्की हराएकोले दिव्य दृष्टिबाट कता पुगेको थाहा पाए । उनले त्यहाँ पुगी बच्चीलाई फकाइ फुलाई गरी सुनको रोटी दिन्छु र कहीँ नभएको जात्रा पनि देखाउँछु भनी टुडिखेलको एक कुनामा मन्दिर बनाइ राखिदिए । लुंमधि भनी उनलाई चामलको रोटीमा बेसार दली चढाउने र बर्षेनी घोडे जात्रा देखाउने चलन पनि चल्यो । यसरी भद्रकालीको उत्पत्ति पनि करुणामयकै कारणबाट भएको मानिन्छ (बज्राचार्य, ने. सं.१११८) ।

त्यस्तै अर्को एक कथा अनुसार रानीपोखरीको उत्तरीभाग तिर जमल बहाल भन्ने ठाउँमा खेतबारीमा काम गर्दा उनले एउटा मूर्ति फेला पारे । उक्त मूर्तिले म यहाँ बस्दिन भनेकोले राजाको आज्ञा लिई कनक चैत्य महाबिहारमा लगि राखियो । पछिमात्र त्यसलाई जनबहालमा ल्याइएको हो (शाक्य, ने.सं. १०८३) । यसरी सोतो मच्छिन्द्रनाथको उत्पत्तिसँग हिन्दू र बौद्ध दुवै धर्म संस्कृतिको समन्वय भएको देखिन्छ र दुवैले आ–आफ्नो तरिकाले पूजा आजा एवं आराधना गर्दै आएका छन् ।

आर्यावलोकिश्वर वा सेतो मच्छिन्द्रनाथको जात्रा र महास्नानमा पनि दुबै धर्मावलम्बीहरूको उत्तिकै सहभागिता रहेको देखिन्छ । पौष शुक्ल अष्टमीका दिन उनको महास्नान गराउन सप्तमीकै दिन बिहान चार बजेतिर गुरुजु, थकाली र सर्वसाधारण सहितको टोली ठूला ठूला गोजा (एक प्रकारको भात वा सातुबाट पानीमा मिलाई बनाएको) पूजाको सामग्री लिएर नवघट राखी जल लिन भचाखुसी वा शान्त तीर्थ जान्छन् । उक्त जल जनबहालमा ल्याएर करुणामयको जीवन्यास गरिन्छ । त्यसको भोलिपल्ट अष्टमीका दिन नेमकुल जातिले महास्नान गराउँदछन् । सो हेर्न कुमारीलाई पनि लगिन्छ भने महास्नान हेर्न आकाश मार्गबाट तेत्तीसकोटी देवताहरू गन्धर्व, किन्नर र यक्षगणहरू पनि आउँदछन् । त्यसछि धार्मिक विधि पूरा भएपछि

सख्खर र चिउरा प्रसादको रूपमा लिइन्छ । उनलाई लुगा लगाइदिने घाम तपाइदिने जस्ता विधिहरू हुन्छन् भने चित्रकारहरूले लोकेश्वर र तारालाई रङ्ग रोगनहरू भरिदिन्छन् । अन्त्यमा दशकर्म पूजापछि लोकेश्वरलाई प्रतिष्ठा गरी भव्य भोज खाने चलन पनि छ । सोतो मच्छिन्द्रनाथको रथयात्रा भने चैत्र शुक्ल अष्टमी, नवमी, र दशमी तीन दिन स्वर्ग, मर्त्य र पातल तीनै लोक रहेको देवी देवताहरूलाई देखाउने गरिन्छ । यदि रथलाई पूर्ववत निश्चित स्थानमा समयमै लान सकिएन भने बढी दिन पनि लाग्न सक्दछ ( बज्राचार्य, ने.सं.१०८४) । नेपालको धर्म र संस्कृतिको नमुनाका रूपमा मानिने यो परम्पराका कार्यमा हिन्दू र बौद्ध दुबैले दुबैको देवी देवतालाई धार्मिक सहिष्णुता र समन्वयको आधारमा मान्दै र मनाउँदै आएका छन् ।

## निष्कर्ष

उपत्यकामा मान्दै र मनाउदै आएको करुणमय वा सेतो मच्छिन्द्रनाथ जात्रा वा पूजा नेपालको धार्मिक र सांस्कृतिक समन्वयको पक्षसँग जोडिँदै आएको छ । जसलाई नेपालको महायान बौद्ध र हिन्दूको शैव सम्प्रदायले विशेष रूपमा मान्ने तथ्य अध्ययनले पुष्टि गरेको छ । नेपालमा प्रचलित सनातन हिन्दू र उपत्यकामा प्रचलित बज्रयान बौद्ध परम्परा मान्ने अनुयायीले विशेषतः सहकालको देवता वा गुरुको रूपमा मान्दै तन्त्र साधना विधिलाई विशेष पूजा आराधना ठान्दछन् । यस अर्थमा दुबै सम्प्रदायले तन्त्र साधनाको केन्द्र पनि यसलाई मानेका छन् । दुबैले आफ्नै विधि र परम्पराले दैनिकी पूजा, आराधना र साधना गर्दछन् भने वार्षिक रूपमा मनाइने जात्रामा पनि संयुक्त सहभागिता देखाउँछन् । सामन्यतया यससँग हुने वा मानिने विशेष दिन वा तिथि मिति पनि कतिपय एकै दिन पर्दछन् र दुबै धर्मावलम्वीका आ–आफ्ना गुरु, पुरोहित र बज्राचार्य वा गुभाजुबाट पूजा र दुबैको बेग्ला बेग्लै मन्त्र र परम्पराबाट मान्ने कार्य सम्पन्न हुने गर्दछ । दुबैको आस्थाको केन्द्र र दुबैले शक्ति प्राप्ति, साधना र सिद्धिका लागि मानेको एकै करुणमय वा देवता नेपालको धार्मिक तथा सांस्कृतिक सहकार्य र समन्वयका लागि उदाहरणीय बन्दै आएको छ । यो नेपालको धार्मिक र सांस्कृतिक समन्यका लागि उल्लेखनीय विषय पनि हो भने यसको निरन्तरतामा दुबै पक्षको बिबादरहित सहकार्यको परम्पराले निरन्तरता पाउनु पर्दछ ।

## सन्दर्भ सामाग्री सूची


कोन्ज, ई. (सन् १९५९), *बुद्धिजमः इट्स् इसेन्स् एण्ड डेभलपमेन्ट,* युएसए ।

पुरी, उद्धव (२०७६), *नेपालमा धार्मिक र संस्कृतिक समन्वयका मुख्य आधारहरू,* तलेजु प्रकाशन ।

बज्राचार्य, अमोधब्रज (ने.सं.१०९९), *लोकेश्वर परिचय,* लोकेश्वर संघ ।

बज्राचार्य, कमलानन्द (ने.सं.१०८४), *श्री करुणमय आर्यावलोहितेश्वर जनबाहाद्योया बाखुं,* सुवर्ण शाक्य ।

बज्राचार्य, जुद्धरत्न (ने.सं.१११८), *श्री लुंमधि अजिमा भद्रकालीयागु संक्षिप्त परिचय,* श्रीमती सुनकेशरी बज्राचार्य ।

बज्राचार्य, मुनीन्द्ररत्न (२०५८) *नेपालका चार प्रसिद्ध करुणामय लोकेश्वर,* प्रमोद हर्ष वज्राचार्य ।

शाक्य, तीर्थरत्न (२०६५), *नेपाल मण्डलका बौद्धहरूको धार्मिक अभ्यास र जीवन शैली,* बुद्धधर्म अध्ययन गोष्ठी ।

शाक्य, राजा (ने.सं.१०८३), *भायू व इतिहास जनवहा.,* जः ल्याः ।